# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, मार्ग १० गते २०२६ साल [ अतिरिक्ताङ्क ३२ (ख)

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

श्री ५ को सरकारबाट भएको निर्णय बमोजिम निम्न लिखित मर्यादाक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### मर्यादाक्रम

१. श्री ५ महाराजाधिराज ।

२. श्री ५ बडा महारानी ।

३. श्री ५ युवराजाधिराज ।

४. श्री ५ युवराज्ञी ।

५. श्री ५ मुमा बडा महारानी ।

६. श्री ५ जिजु मुमा बडा महारानी ।

७. श्री ५ नव युवराज ।

८. श्री ५ नव युवरानी ।

९. श्री ५ अधिराजकुमार र अधिराजकुमारीहरू ।

१०. प्रधान मन्त्री

११. प्रधान न्यायाधीश ।



262

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अध्यक्ष, राष्ट्रिय पञ्चायत ।

१३. उप–प्रधान मन्त्री ।

१४. मन्त्रीहरू, राजसभा स्थायी समितिका सभापति, राजसभा स्थायी समितिका सदस्यहरू (बडा गुरूज्यू, प्रधान सेनापति, श्री ५ को प्रमुख सचिव र श्री ५ को सरकारका गृह सचिव बाहेक), मन्त्री स्तरीय पदाधिकारीहरू, राज्यमन्त्रीहरू, विदेशी राजदूतहरू ।

१५. भू. पू. प्रधान मन्त्रीहरू ।

१६. श्री ५ का छोरी जुवाईहरू ।

१७. श्री ५ का भिनाज्यूहरू र श्री ५ का बहिनी जुवाईहरू ।

१८. श्री ५ को फुवाज्यूहरू ।

१९. राजकुमार राजकुमारीहरू, भिनाज्यू, जुवाई, फुवाज्यूहरू ।

२०. बडा गुरुज्यू ।

२१. राजकीय प्रज्ञाप्रतिस्थानका कुलपति ।

२२. नायब बडा गुरुज्यू ।

२३. सर्वोच्च अदालतका न्यायाधीशहरू, उपाध्यक्ष राष्ट्रिय पञ्चायत, सहायक मन्त्री ।

२४. अतिरथी, हिज हाइनेश र हर हाइनेश, प्रधान सेनापति, सहायक मन्त्री स्तरीय पदाधिकारीहरू, भू. पू. प्रधान सेनापति ।

२५. विदेशी सर्वाधिकार सम्पन्न मिनिष्टरहरू, मिशनका प्रमुखहरू ।

२६. श्री ५ बाट मनोनित साहेबज्यू ।

२७. महालेखा परीक्षक, अध्यक्ष लोक सेवा आयोग, प्रमुख निर्वाचन आयुक्त ।

२८. शाही नेपाली राजदूतहरू, महान्यायाधिवक्ता, विश्वविद्यालय र राजकीय प्रज्ञा–प्रतिष्ठानका उप–कुलपतिहरू, नेपाल राष्ट्र बैंकका गभरनर, वर्गीय संगठनका केन्द्रीय सभापतिहरू

२९. राष्ट्रिय पञ्चायतका सदस्यहरू ।

३०. मूल पुरोहितहरू, राजाहरू, श्री ५ बाट मनोनीत चौतरियाहरू, लोक सेवा आयोगका सदस्यहरू, निर्वाचन आयुक्तहरू, मुख्य न्यायाधीश ।

३१. प्रमुख राजदरवार पदाधिकारी ।

३२. राजदरवार समारोह प्रवन्धक ।

३३. श्री ५ का प्रमुख सैनिक सचिव, श्री ५ का प्रमुख सचिव, श्री ५ का प्रमुख निजी सचिव, श्री ५ का प्रमुख स्वकीय सचिव, श्री ५ का प्रमुख संवाद सचिव ।

३४. उप–प्रमुख राजदरवार पदाधिकारी ।

३५. राजदरवार समारोह उप–प्रवन्धक ।

३६. मुख्य सचिव, मुख्य अञ्चलाधीश, महारथी, रथी, श्री ५ को मानको खातीर पार्श्ववर्ती (रथी वृन्द), श्री ५ का सचिवहरू, बडा काजी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. श्री ५ बडा महारानीका निजी सचिव, श्री ५ युवराजाधिराजका निजी सचिव, श्री ५ को सरकारका सचिवहरू, श्री ५ मुमा बडा महारानीका निजी सचिव, श्री ५ को सरकारका विशिष्ट श्रेणीका निजामती कर्मचारीहरू, नेपाल राष्ट्र बैंकका डेपुटी गभरनरहरू, अञ्च-लाधीशहरू, उपरथी, प्रहरी महानिरीक्षक, विदेशी काउन्सेलरहरू, श्री ५ का सह-सचिवहरू, काजी, श्री ५ बडा महारानीका सह-निजी सचिव, श्री ५ युवराजाधिराजका सह-निजी सचिव, श्री ५ को सरकारका अतिरिक्त सचिवहरू, श्री ५ को सरकारका प्रथम श्रेणीका कर्मचारीहरू, विदेशी सैनिक सहचारी, गृह प्रवन्धक, श्री ५ को उप-सचिवहरू श्री ५ बडा महारानीका उप-निजी सचिव, श्री ५ युवराजाधिराजका उप-निजी सचिव, राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्यहरू, वर्गीय संगठनहरूका केन्द्रीय उप-सभापतिहरू ।

३८. अञ्चल सभाको सभापति ।

३९. वर्गीय संगठनहरूका केन्द्रीय कार्य समितिका सदस्यहरू, अञ्चल स्तरीय वर्गीय संगठनहरूका सभापति, अञ्चल समितिका मनोनीत सदस्यहरू, अञ्चल सभाको उप-सभापति, अञ्चल स्तरीय वर्गीय संगठनहरूका उप-सभापतिहरू, सहायक रथी, प्रहरी नायव महानिरीक्षक, राजदरवार गुर्जावाहक, खड्गवाहक र राजदण्डवाहक, जिल्ला पञ्चायतका सभापति, सरदार, नेपाल मजदूर संगठन अन्तरगत स्वीकृत विभिन्न मजदूर सभाका केन्द्रीय कार्य समितिका सभापति र सदस्यहरू, र केन्द्रीय सभाका सदस्यहरू, अञ्चल स्तरीय वर्गीय संगठनहरूका कार्य समितिका सदस्यहरू, जिल्ला स्तरीय वर्गीय संगठनहरूका सभापतिहरू, जिल्ला पञ्चायतका उप-सभापति, जिल्ला स्तरीय वर्गीय संगठनहरूका उप-सभापतिहरू, जिल्ला पञ्चायत सदस्यहरू, विदेशी राजदूतावासका प्रथम सचिवहरू, श्री ५ को सरकारका द्वितीय श्रेणीका निजामती कर्मचारीहरू, श्री ५ का सहायक सचिवहरू, श्री ५ बडा महारानीका सहायक निजी सचिव, श्री ५ युवराजाधिराजका सहायक निजी सचिव, महासेनानी, मेजर सुब्बा, मुख्य हाकिम, प्रमुख सेनानी, प्रहरी उपरीक्षक, जिल्ला स्तरीय वर्गीय संगठनहरूका कार्य समितिका सदस्यहरू ।

४०. सेनानी, प्रहरी नायव उपरीक्षक, द्वितीय सचिवहरू ।

४१. प्रधान पञ्च, राजदरवारका ददा, द्वारे, कपर्दार, डाक्टर, राजवैद्य, कविराज, वैद्य, दन्त-चिकित्सक, अभियनता, छाया चित्रकार, होमियो चिकित्सक, चौपदार, राष्ट्रिय पञ्चायतका मर्यादा पालक, उप-प्रधान पञ्च ।

४२. सह-सेनानी, श्री ५ को सरकारको तृतीय श्रेणीका कर्मचारीहरू, सहायक हाकिम, सुब्बा, वाणिज्यदूत, उप-सेनानी, प्रहरी निरीक्षक, उप-वाणिज्यदूत, सहायक सेनानी, वर्गीय संगठनहरूका प्रारम्भिक कार्य समितिका सभापतिहरू, वर्गीय संगठनहरूका प्रारम्भिक कार्य समितिका उप-सभापतिहरू, नगर पञ्चायतका सदस्यहरू, गाउं पञ्चायतका सदस्यहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्गीय संगठनहरूका प्रारम्भिक कार्य समितिका सदस्यहरू, वर्गीय संगठनहरूका प्रारम्भिक परिषद् तथा सभाका सदस्यहरू ।

स्पष्टीकरण :–

(१) उप–रथीहरू र प्रहरी महानिरीक्षकमा नियुक्तिक्रम बमोजिम जेष्ठता कायम हुनेछ ।

(२) शाही नेपाली राजदूतहरू बाहेक अरू अधिकृतहरू नेपालमा रहँदा आफ्नो आफ्नो साबिक दर्जा अनुसारको मर्यादाक्रम रहनेछ ।

(३) मर्यादाक्रमको उही पदहरूमा रहेका पदाधिकारीहरूको क्रम नियुक्ति मितिको क्रमानुसार हुनेछ ।

आज्ञाले–

कृष्णबम मल्ल

श्री ५ को सरकारको मुख्य सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।